साकेला गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
मानेभन्ज्याङ, खोटाङ

**विषयः हाडबजार ठेक्का सम्बन्धी सूचना ।**

(प्रथम पटक प्रकाशित मिति : २०७६।०४।१९)

यस साकेला गाउँपालिकाको स्थानीय राजस्व परामर्श समितिको मिति २०७६।०४।१४ गते बसेको बैठकको निर्णय अनुसार यस गाउँपालिका अन्तर्गत पाक्षिक रुपमा सन्चालन हुने मानेभन्ज्याङ बजारमा विभिन्न विक्रेता तथा पसलहरुबाट हाटकर संकलन गरी बजारलाई व्यवस्थापन गर्न वान्छनीय भएकोले चालु आर्थिक वर्षका लागि एकमुस्ट वा किस्ता किस्ता गरी ठेक्का कर संकलन गर्ने प्रयोजनका लागि तपसिल बमोजिमको शर्तहरुको अधिनमा रहने गरी सिलवन्दी दरभाउ पत्र दाखिला गर्न यो सूचना इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुको लागि प्रकाशन गरिएको छ ।

**तपसिल**

१) यो सूचना प्रकाशित भएको मितिले १५ औ दिन सम्म कार्यालय समय भित्र तोकिएको दरभाउ पत्र दस्तुर तिरि यस कार्यालयको लेखा शाखा बाट दरभाउपत्र फारम खरिद गर्न सकिने छ । दरभाउपत्र खरिद गर्दा आबश्यक कागजात सहित निवेदन दिनु पर्नेछ ।

२) खरिद गरिएको दरभाउपत्रमा उल्लेख भएका सवै विवरण तथा शर्तहरु प्रस्ट सँग अध्ययन गरी सम्बन्धित निवेदकले प्रत्येक पानामा सहिछाप गरी सिलवन्दी समेत गरी खामको बाहीर ठेक्काको नाम, प्रेषकको नाम र ठेगाना प्रष्ट सँग लेखी १६ औ दिन दिनको १२:०० बजे सम्म सो सिलवन्दी दरभाउ पत्र यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ । यसरी दर्ता भएको सिलवन्दी दरभाउ पत्र सोहीदिनको २:०० बजे उपस्थित दरभाउपत्र दाता वा निजको प्रतिनिधिहरुको उपस्थितिमा गाउँपालिकाको कार्यालयमा खोलिने छ । उक्त समयमा दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि रितपूर्वकको दरभाउ पत्र खोल्ने कार्यमा वाधा पर्नेछैन ।

३) दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने, खोल्ने अन्तिम दिन सार्वजनीक विदा पर्न गएमा सोको भोलिपल्ट अथवा कार्यालय खुलेको दिन सो कार्यहरु गरिने छ ।

४) दरभाउपत्र फाराम भर्दा आफुले कवुल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुने गरी लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ । दुवै अस्पष्ट भएमा दरभाउपत्र स्वीकृत हुने छैन ।

५) यो ठेक्काको अवधि आर्थिक वर्ष २०७६।०७७ अर्थात २०७६।०४।०१ देखि २०७६ अषाढ मसान्त सम्म हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

६) दरभाउपत्र दाताको तर्फबाट पेश हुने कुनैपनि सर्तहरु मान्य हुनेछैन अथवा सर्त सहितको दरभाउपत्रलाई वदर गरिने छ, साथै रित नपुगी वा म्याद नाघी आएको वोलपत्रको कुनै कारवाही हुने छैन ।

७) ठेकेदारले शुल्क संकलन गर्न प्रयोग गर्ने रसिद पालिकाले तोकेको ढाँचामा स्वयमले व्यवस्था गर्नु पर्नेछ। सो रसिदमा पालिकाको आधिकारिक छाप हाली प्रमाणित भएको हुनुपर्नेछ।

८) ठेकेदारले शुल्क उठाउँदा पालिकाले तोकेको दर भन्दा बढी दरमा उठाउन पाउने छैन । यसरी बढीदरमा उठाएमा वा अन्य अवान्छीत कार्य गरी गाउँपालिकाको अहितमा हुने कार्य गरेमा सो बाट उत्पन्न हुने असहज परिस्थितिको उत्तरदायित्व ठेकेदारलेनै वहन गर्नुपर्नेछ।

९) आफुले कवुल गरेको सम्पूर्ण अंक रकम (स्वीकृत) कार्यालयमा अग्रिम रुपमा बुझाएमा कुल कवुल अंकको ५% छुट दिइनेछ। किस्तावन्दी मार्फत भुक्तान गरेमा वढिमा ३ किस्तामा भुक्तान गरिसक्नुपर्नेछ । पहिलो किस्ता कवुल अंकको २५% हुनेछ, दोस्रो किस्ता ३०% र तेस्रो किस्ता ४५% हुनेछ । पहिलो किस्ता कार्यालय संग सम्झौता गर्न अगावै कार्यालयमा बुझाउनुपर्नेछ।

१०) यस सूचनामा उल्लेखित वाहेकका अन्य कुराहरु प्रचलित कानुन अनुसार हुनेछ र ठेक्काका अन्य शर्तहरु सम्झौताका वखत निर्धारीत हुनेछन्।

११) दरभाउपत्र साथ आफुले कवुल गरेको अंकको ५% रकम धरौटि वापत यस कार्यालयमा नगदै वा वैंकमा जम्मा गरेको सक्कलै वैंक भौचर संलग्न राख्नुपर्नेछ।

१२) दरभाउपत्रमा उल्लेखित न्युनतम वार्षिक ठेक्का अंक भन्दा कम कवुल भई आएको दरभाउ पत्र स्वत: अस्वीकृत हुनेछ।

**आर्थिक वर्ष २०७६।०७७ को हाटबजार ठेक्काको न्यूनतम रकम विवरण**

| क.सं. | ठेक्का नम्बर | ठेक्काको विवरण | न्यूनतम वार्षिक ठेक्काको अंक | दरभाउपत्र फारम दस्तुर | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति | दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति | सिलवन्दी दरभाउपत्र खोल्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|---|
| १ | १/२०७६।०७७ | साकेला गाउँपालिका अन्तर्गत मानेभन्ज्याङ वजारको हाटवजार ठेक्का | रु. ५०,००० | रु. १००० | २०७६ को भाद्र १ गते कार्यालय समय सम्म | २०७६ को भाद्र २ गतेको १२:०० बजे सम्म | २०७६ को भाद्र २ गते दिनको २:०० बजे। |

प्रमुख प्रशासकीय अधिकृत